२०८३।०६।०१

**श्रीमान/ श्रीमती/ सुश्री........................ ज्यू,**

**काठमाडौं ।**

**बिषय : सत्रौं वार्षिक साधारण सभा सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस मनाङ ट्रष्ट वचत तथा ऋण सहकारी संस्था लि. को मिति २०८३।०६।०१ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस सहकारी संस्थाको सत्रौं वार्षिक साधारण सभा तपसिल वमोजिमको मिति, स्थान र समयमा निम्न प्रस्तावहरु उपर छलफल गरिने भएकोले यहाँको उपस्थितीको लागि अनुरोध गर्दछु ।

तपसिल :

मिति : २०८३ साल आश्विन ३१ गते शनिवार

समय : विहान ११:३० वजे

स्थान : मनाङ सेवा समाजको सभा हल, स्वयम्भु काठमाडौ ।

**प्रस्तावहरु :**

१ संचालक समितिको तर्फवाट अध्यक्ष ज्यूवाट प्रस्तुत आ.व.२०८२।८३ को वार्षिक प्रतिवेदन उपर छलफल तथा पारित गर्ने सम्वन्धमा ।

२ लेखा समितिको तर्फवाट प्रस्तुत आ.व. २०८२।८३ को बार्षिक प्रतिवेदन उपर छलफल तथा पारित गर्ने सम्वन्धमा ।

३ आ.व. २०८३।८४ को लागी सचिव ज्यूवाट प्रस्तुत हुने वार्षिक वजेट, नीती तथा कार्यक्रम उपर छलफल गर्ने सम्वन्धमा ।

४ आ.व. २०८२।८३ को लेखापरिक्षण प्रतिवेदन उपर छलफल तथा पारित गर्ने सम्वन्धमा ।

५ संचालक समिति तथा लेखा सुपरिवेक्षण समितिको निर्वाचन सम्वन्धमा ।

६ आ.व. २०८२।८३ को मुनाफावाट लाभाँश वितरण गर्ने प्रस्ताव उपर छलफल गरि निर्णय गर्ने सम्वन्धमा ।

७ आ.व. २०८३।८४ को लागी लेखापरिक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।

८ आ.व. २०८२।८३ मा भएका निर्णयहरु अनुमोदन गर्ने सम्वन्धमा ।

९ विनियम संशोधन सम्वन्धमा ।

१० सत्रौं वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न प्रतिनिधि चयन गर्ने सम्वन्धमा ।

११ विविध ।

**<u>साधारण सभा सम्वन्धि अन्य जानकारी :</u>**

१ शेयर सदस्यहरुले आफुलाई आवश्यक परेमा कार्यालय समयभित्र कार्यालयमा उपस्थित भई साधारण सभा हुनुभन्दा ७ दिन अगावै सभाको प्रतिवेदन प्राप्त गर्न सकिनेछ ।

२ प्रतिवेदन उपर सल्लाह, सुझाव र अन्य छलफलको विषय रहेमा सदस्यले लिखित रुपमा वा विद्युतिय माध्यमवाट संस्थाको कार्यालयमा पेश गर्न सकिनेछ र उक्त विषयमा सभामा छलफल गरिनेछ ।

संचालक समितिको आज्ञाले,

पल्साङ गुरुङ
(सचिव)